

# 'बिहेसिहे नगरे नि हुन्छ' भन्नुहुन्थ्यो बाले

■ कोमल ओली, गायिका

'गोजीमा गाँठ भा'को मनमा आँट भा'को' पुरूष फेला नपरेपछि गायिका कोमल वली अझैं पोइल जान पाएकी छैनन् । बिहे गर्ने उमेर त उहिल्यै भइसकेको हो तर शिवजीले नै नजुराई दिएपछि के गर्ने । शिवजीको बदमासीका कारणले बिहे गर्न नपाएको बताउने कोमललाई प्रेम प्रस्ताव राख्नेको कुनै कमी छैन । तर खोजेको जस्तो उनले पाउन सकेकी छैनन् । उनीजस्तै अविवाहित नेपाली चलचित्रका महानायक राजेश हमालसँग केही दिन अघि काठमाडौंस्थित एक कार्यक्रममा हमाल र ओली एकसाथ देखिए । उनीहरू दुवैको जोडीलाई 'सुहाउँदो' भनेर केही समयदेखि पत्रपत्रिकामा टिप्पणी समेत आइरहे । तर, उनीहरू बीच त्यस्तो कुनै सम्भावना भने अहिलेसम्म छैन । दुवैजना भगवानले जुटाउनेमा विश्वस्त देखिन्छन् । अझ ओलीले त केही बर्ष अघि 'पोइल जान पाम्' एल्वम सार्वजनिक गरेपछि त उनले हरेकपटक विवाहको बारेमा बोल्नु परिरहेकै छ । यसै सन्दर्भमा *नयाँ सन्देश*का लागि सहकर्मी *करूण अर्याल*ले गरेको कुराकानी :

**■ गोजीमा गाठ भा'को मनमा आँट भा'को मान्छे फेला नपरेकै हो ?**

त्यसै भन्नुपर्‍यो ।

**■ त्यसैले पोइला नजानु भा'को हो ?**

(हाँस्दै) खै । साउन लागेको छ, सोमबार शिवजीको व्रत बसे श्रीमान पाइन्थ्यो कि ? बिहेसिहे नगरे नि हुन्छ भन्नुहुन्थ्यो बाले, पत्रकारले सोधी सोधी दिक्क पार्न थाले । आखिरमा बनायौं निराश, धत्तेरिका शिवजी रै छौ बदमास । शिवजीको बदमासीकै कारणले बिहे हुन सकेन । यो मेरो नयाँ गीत पनि हो ।

**■ उमेर त ढल्किसक्यो होइन र ?**

जसरी सोच्यो त्यसरी नै हुन्छ । ढल्केको सोचे ढल्केको हुन्छ सुरूवात हो भनेर सोचे सुरूवात हुन्छ । यो व्यक्तिमा भरपर्छ ।

**■ प्रेमप्रस्ताव राख्ने त निकै छन् रे ?**

योङहरूले बढी राख्छन् । सबै उमेर समूहकाले मन त पराउँछन् तर योङ र आफूभन्दा कान्छाले मन पराउने धेरै छन् । यस्तो देख्दा खुसी नै लाग्छ ।

**■ कस्ता-कस्ता प्रस्ताव आउँछन् ?**

त्यही त हो नि । म तपाईलाई मन पराउँछु भन्दै मेल, एसएमस र चिठी पठाउँछन् । अहिले पनि रेडियो नेपालमा हप्ताको दर्जन जति चिठी आउँछ । राम्रो खाम हेरेर मात्र चिठी पढ्छु । यसैगरी विदेश गएको बेला गिफ्ट दिने पनि प्रसस्त हुन्छन् ।

**■ अहिलेसम्म कस्ता फ्यान फेला पार्नु भएको छ ?**

सडकमा बालबालिकादेखि ८०/८५ उमेर पुगेकासम्मका फ्यान छन् । कोही अपरिपक्वताले त कोही क्रेजी भएर आउँछन् । एक जना फ्यान त अचानक मोटर अघि आएर 'मलाई माया गर्दैनौ भने मारी देऊ' पनि भन्न भ्याए ।

**■ यस्ता फ्यान रहेछन्, मन पराउने पुरूष फेला नपरेकै हो त ?**

फेला नपारेकै हो ।

**■ पुरूषका कुन तीन गुण बढी मन पर्छ ?**

आउटफिट राम्रो देखिनुपर्‍यो । पुरूष भएपछि वीरत्व हुनुपर्‍यो र वेभलेन्थ मिल्नुपर्‍यो ।

**■ जवान नै देखिनुहुन्छ नि ?**

उमेर अनुसार त ठिकै देखिएको छु । मैले एक्सरसाइज र खानामा विशेष र्‍यान दिने गरेकी छु ।

**■ नायिका हुने रहर जागेन ?**

मेरै जीवनकथामा चलचित्र बनाउने प्रस्ताव आएको छ । त्यसैमा अभिनय गर्छु ।

## बेलायतमा विश्व आदिवासी दिवस

आस्फोर्ड । नेपाल जनजाती महासंघ बेलायतले आयोजना गरेको १६औं विश्व आदिबासी दिवस २०१० अगस्ट ९ तारिख सोमबारका दिन आस्फोर्डको फर्लिनहलमा भव्यताको साथ सम्पन्न गरेको छ ।

समितिका अध्यक्ष थर्क रानाको सभापतित्वमा सम्पन्न भएको कार्यक्रमको प्रमुख अतिथिमा गैर आवासीय नेपाली संघ बेलायतका अध्यक्ष सूर्य गुरूङ रहेका थिए । त्यसैगरी अन्य अथितिहरूमा किरात राई यायोक्खा बेलायतका उपाध्यक्ष चक्रबहादुर राई, किरात याक्थुङ चुम्लुङ बेलायतका अध्यक्ष डम्बर लिम्बु, तमुधी बेलायतका सचिब गमबहादुर गुरूङ, जनजाति महासंघ भोजपुरका फुर्बा सेर्पा, युके शेर्पा केदुगका महासचिब रिनजी शेर्पा, युके तमाङ संघका जयबहादुर तामाङ, मेजर पदम लिम्बु, पूर्ण लिम्बु, श्रीमती दुर्गा लिम्बु, लोकेन्द्र लिम्बु, चिरन राई, राजेन्द्र खिम्दिङ, ज्ञानबहादुर लिम्बु लगायतको उपस्थिति रहेको थियो ।

बेलायतमा रहेका नेपालका आदिवासी जनजातिहरूको हकहितको लागि र नेपालमा बन्दै गरेको संविधानमा आदिबासी जनजातिहरूको हितमा उनीहरूको अधिकार सुनिश्चितताको लागि खबरदारी गर्न बेलायतबासी नेपाली आदिबासी जनजाती संघसस्थाहरूको भेलाले छलफल गरि गत २६ मार्च २००९ मा बेलायतका ११ वटा जातिय संघसर्स्थाा प्रमुखहरूको उपस्थितिमा महासंघको स्थापना भएको हो ।

यसका साथै नेपाल जनजाति महासंघ बेलायतको तर्फबाट सभामुख सुवासचन्द्र नेम्बाङ र नेपाल आदिबासी जनजाति महासंघ नेपाललाई बोधार्थ पत्र दिइसकेको कुरा जानकारी गराएको छ । बसुन्धरा राईले संचालन गरेको कार्यक्रममा समितिका बरिष्ठ उपाध्यक्ष श्री प्रसाद लिम्बुले स्वागत मन्तब्य राखेका थिए । संघले आगामी दिनहरूमा बिभिन्न जातिय झाँकीसहितको वृहत कार्यक्रम गर्ने जनाएको छ । प्रमुख अतिथि सूर्य गुरूङबाट पानसमा दीप प्रज्वलन गरि थालनी गरिएको कार्यक्रममा समितिका सल्लाहकार अधिबक्ता चन्डिराज राईले जनजाती महासंघ बेलायतको निर्माणको अबधारणा र यसको कार्यविधी बारे प्रकास पारेका थिए ।

■ **चक्रबहादुर राई**

## गोरखाज्को भेलाका लागि संयुक्त बैठक सम्पन्न

अल्डरसट । गोरखा भूतपूर्व सैनिक संघ (गेसो) ले आयोजना गर्न लागेको गोरखाज् बार्षिक भेला-२०१० लाई सफल पार्न वार्षिक भेला आयोजक समितिका संयोजक जंगबहादुर गुरूङको अध्यक्षतामा अल्डरसटको निरमाया रोधिघरमा शनिबार संयुक्त तयारी बैठक बसेको छ ।

बैठकमा बेलायतमा रहेका गेसोका शाखा समितिका सभापतिहरू तथा प्रतिनिधिहरूको उपस्थिति थियो । गेसोका केन्द्रीय कोषाध्यक्ष तथा युके इञ्चार्ज जितबहादुर राईले अगष्ट ६ मा संघले काठमाडौंमा जारी गरेको श्वेतपत्र तथा बेलायतमा संस्थाले गरेको गतिविधिका विषयमा जानकारी गराएका थिए ।

बैठकमा गोरखाज् बार्षिक भेला २०१० को हालसम्म भएको टिकट बिक्री वितरणका बारेमा उपस्थित शाखा समितिका सभापतिहरू र प्रतिनिधिहरूबीच बृहत छलफल भयो । सबै क्षेत्रमा ब्यापकरूपमा टिकट बिक्री भइरहेकोले भेलामा सहभागीहरूको तथ्यांक यकिन गर्न १५ अगष्ट, २०१० का दिन सबै समितिले टिकटको विवरण दिने निर्णय भएको छ ।

कार्यक्रमलाई सफल पार्न उपस्थित केन्द्रीय सदस्य निलम राई, सल्लाहकार अमरसिंह आले, लण्डन वेष्ट समिति नर्थहल्टका सभापति खम्वासिं राई, सचिव भानुभक्त राई, प्लमस्टिडका चोकबहादुर तामाङ, केन्टवरीका युद्धराज राई, रिडिङका तिलबहादुर गुरूङ, फार्नवोरोका क्या. हरिवहादुर थापाले बोलेका थिए । ५० जनाको उपस्थिति रहेको संयुक्त बैठकलाई खानपिनको ब्यवस्था हितमान गुरूङले गरेका थिए ।

त्यसैगरी भक्तबहादुर गुरूङले बैठकमा उपस्थित हुनेहरूलाई स्वागत गर्नुका साथै यसवर्षको भेलामा विगतका कार्यक्रममा भएका कमिकमजोरीहरूलाई दोहो-याउन नहुने बताए । ओमबहादुर बुढाथोकी र श्रीप्रसाद गुरूङले पालैपालो सञ्चालन गरेको संयुक्त बैठकमा भेला जंगबहादुर गुरूङले आफूले तयार पारेको कार्यक्रमको कार्यतालिका र कार्यविभाजनलाई वाचन गर्दै जिम्मेवारी बाँडफाँड गरेका थिए ।

■ **जितबहादुर राई**